नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
### आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. ३३१

मितिः- २०७४।०९।२१

*विषयः- वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी प्रशिक्षण कार्यमा सहभागी हुन पठाइ दिने सम्बन्धमा ।*

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु,
श्री जिल्ला प्राविधिक कार्यालयहरु,
ताप्लेजुङ्ग, पाँचथर ,इलाम ,झापा ,मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा ।

प्रस्तुत विषयमा त्यस कार्यालय वा अन्तर्गत योजनाहरुको आ.व. २०७३/७४ सम्मको कायमी बेरुजु कार्ययोजना बनाई बेरुजु फछ्यौंट सम्बन्धी काम गर्ने सम्बन्धमा यस मन्त्रालयको च.नं. २८० मिति २०७४।०८।२६ को पत्र मार्फत अनुरोध गरिएको तहाँ विदित्तै हुनुपर्दछ । त्यस सम्बन्धमा तयार गरिएको कार्ययोजना तथा बेरुजु अंक तथा बेरुजु फछ्यौंटको हाल सम्मको अवस्था बारेमा कुनै प्रकारका जानकारी नभएको अवस्था छ । यद्यपि त्यस कार्यालयको अभिलेख सँग मन्त्रालयको अभिलेख भिडान हुन नसकेको अवस्था छ । यस सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा वित्तीय सुशासनका लागि अपनाउनुपर्ने कार्यविधि तथा बेरुजु फछ्यौंटको तरिका बारेमा जिल्ला समन्वय समितिको कार्यालय र प्राविधिक कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरुलाई प्रशिक्षण प्रदान गरिने भएकोले सम्बन्धित कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरु बेरुजुको प्रकृति अनुसार (असुल गर्ने बेरुजु, पेश्की बेरुजु र नियमित गर्ने बेरुजु), बेरुजु फछ्यौंटको अवस्था र बेरुजु फछ्यौंट गर्न अपनाइएका उपाय सहित तपशिल बमोजिम स्थानमा हुने वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी प्रशिक्षण कार्यक्रममा निजहरुलाई अनिवार्य रुपमा सहभागी हुन पठाइदिनु हुन अनुरोध छ ।

**तपशिलः-**

प्रशिक्षण हुने स्थानः- होटल प्यासिफिक, रोडशेष चोक, विराटनगर ।
प्रशिक्षण अवधिः- २०७४।१०।०७ विहान ८ बजे देखि बेलुका ५ बजे सम्म
सम्पर्क व्यक्तिः- श्री बसन्त राज पौडेल - ९८४२६२६४८४

............................
ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

**बोधार्थः-**

श्री सूचना तथा विद्युतीय सुशासन शाखा
सिंहदरबार, काठमाण्डौ - Website मा राखिदिनु हुन अनुरोध छ ।